"राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १०८ बमोजिम तयार पारिएको

## विधेयकमा संशोधन प्रस्तावको एकीकृत विवरण

**विधेयकको नामः** सहकारी सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक,२०८१

**संशोधनको सूचना दर्ता गर्ने माननीय सदस्यहरू** (दर्ताको क्रमानुसार)

| दर्ता नं. | संशोधन प्रस्तावकर्ता | दर्ता नं. | संशोधन प्रस्तावकर्ता |
|---|---|---|---|
| ०१. | मा. तुल प्रसाद विश्वकर्मा | ०२. | मा. विष्णु बहादुर विश्वकर्मा र मा. गंगा कुमारी बेल्वासे |
| ०३. | मा. डा. बेदुराम भुसाल, मा. गोपीबहादुर सार्की अछामी, मा. मनरुपा शर्मा, मा. राजेन्द्र लक्ष्मी गैरे, र मा. घनश्याम रिजाल | ०४. | मा. श्रीकृष्ण प्रसाद अधिकारी |

**संशोधन प्रस्तावको विवरण** (दफाक्रमानुसार मिलाइएको)

| क्र.सं. | संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू | विधेयकको | | | | प्रस्तावित संशोधनको व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | प्रस्तावना/ दफा | उपदफा | खण्ड | उपखण्ड | |
| १. | मा. श्रीकृष्ण प्रसाद अधिकारी | २ | (२) | | | थप्न प्रस्तावित उपदफा (८) मा रहेका "स्थानीय तहमा मात्र" भन्ने शब्दहरू झिक्नु पर्ने। |
| २. | मा. बेदुराम भुसाल सहितका माननीय सदस्यहरू | २ | (४) | | | झिकी त्यसपछिका उपदफाक्रम मिलाउनु पर्ने। |

नापदाहाल

| क्र.सं. | संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू | विधेयकको प्रस्तावना/ दफा | विधेयकको उपदफा | विधेयकको खण्ड | विधेयकको उपखण्ड | प्रस्तावित संशोधनको व्यहोरा |
|---|---|---|---|---|---|---|
| ३. | मा. तुल प्रसाद विश्वकर्मा | २ | (५) | | | दफा ४१ मा थप्न प्रस्तावित उपदफा (३क) को अन्त्यमा देहायको प्रतिबन्धात्मक वाक्य थप्नु पर्नेः-<br>"तर वार्षिक दश करोडसम्म आर्थिक कारोबार गर्ने सहकारीको हकमा यो प्रावधान लागू हुने छैन।" |
| ४. | मा. श्रीकृष्ण प्रसाद अधिकारी | २ | (५) | | | थप्न प्रस्तावित उपदफा (३क) मा रहेका "पदमा दुई कार्यकालभन्दा बढी अवधिको लागि" भन्ने शब्दहरूको सट्टा "पदहरूमध्ये कुनै एक पदमा दुई कार्यकालभन्दा बढी अवधिको लागि" भन्ने शब्दहरू राख्नु पर्ने। |
| ५. | मा. तुल प्रसाद विश्वकर्मा | २ | (६) | | | दफा ५२ को सट्टा प्रस्तावित दफा ५२ को,<br>(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राख्नु पर्नेः-<br>"(१) सदस्यले देहायको सहकारी संस्थामा देहायको सिमासम्म व्यक्तिगत बचत रकम जम्मा गर्न सक्ने छन्ः-<br>(क) एक प्रदेशभन्दा बढी कार्यक्षेत्र रहेको बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थामा पचास लाख रुपैयाँसम्म,<br>(ख) एक जिल्लाभन्दा बढी कार्यक्षेत्र रहेको बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थामा पच्चीस लाख रुपैयाँसम्म, र |

| क.सं. | संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू | विधेयकको | | | | प्रस्तावित संशोधनको व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | प्रस्तावना/ दफा | उपदफा | खण्ड | उपखण्ड | |
| | | | | | | (ग) एक जिल्लाभित्र कार्यक्षेत्र रहेको बचत तथा ऋणको कारोबार गर्न सहकारी संस्थामा दश लाख रुपैयाँसम्म।"<br>(२) उपदफाम (१) पछि देहायको उपदफा (२) थपी त्यसपछिका उपदफाक्रम मिलाउनु पर्नेः-<br>"(२) यो दफा प्रारम्भ हुँदाका बखत कायम रहेको व्यक्तिगत बचतलाई यो दफा प्रारम्भ भएको मितिले दुई वर्षभित्र उपदफा (१) बमोजिमको सीमाभित्र ल्याउनु पर्ने छ।" |
| ६. | मा. बेदुराम भुसाल सहितका माननीय सदस्यहरू | २ | (६) | | | झिकी त्यसपछिका उपदफाक्रम मिलाउनु पर्ने। |
| ७. | मा. श्रीकृष्ण प्रसाद अधिकारी | २ | (११) | | | थप्न प्रस्तावित दफा १०३क. को उपदफा (१) मा रहेका "सहकारी संस्थाको नियमन गर्न" भन्ने शब्दहरूको सट्टा "सहकारी संघ, संस्थाको नियमन, अनुगमन, प्रवर्धन र सुपरिवेक्षण गर्न" भन्ने शब्दहरू राख्नु पर्ने। |
| ८. | मा. विष्णु बहादुर विश्वकर्मा र मा. गंगा कुमारी बेल्वासे | २ | (११) | | | थप्न प्रस्तावित दफा १०३क. को उपदफा (३) झिकी त्यसपछिका उपदफाक्रम मिलाउनु पर्ने। |
| ९. | मा. बेदुराम भुसाल सहितका माननीय सदस्यहरू | २ | (११) | | | थप्न प्रस्तावित १०३ग. को उपदफा (१) को,-<br>(१) खण्ड (क) मा रहेका "कम्तीमा पन्ध्र वर्ष" भन्ने शब्दहरुको सट्टा "कम्तीमा दश वर्ष" भन्ने शब्दहरू राख्नु पर्ने। |

नापलाही

| क्र.सं. | संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू | विधेयकको | | | | प्रस्तावित संशोधनको व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | प्रस्तावना/ दफा | उपदफा | खण्ड | उपखण्ड | |
| | | | | | | (२) खण्ड (घ) मा रहेका "कम्तीमा दश वर्ष" भन्ने शब्दहरूको सट्टा "कम्तीमा सात वर्ष" भन्ने शब्दहरू राखु पर्ने।<br>(३) खण्ड (ङ) मा रहेका "कम्तीमा दश वर्ष" भन्ने शब्दहरूको सट्टा "कम्तीमा सात वर्ष" भन्ने शब्दहरू राखु पर्ने। |
| १०. | मा. बेदुराम भुसाल सहितका माननीय सदस्यहरू | २ | (११) | | | थप्न प्रस्तावित दफा १०३ङ. को उपदफा (१) को खण्ड (ग) मा रहेको "एकजना" भन्ने शब्दको सट्टा "एकजना महिला सहित तीनजना" भन्ने शब्दहरू राखु पर्ने। |
| ११. | मा. विष्णु बहादुर विश्वकर्मा र मा. गंगा कुमारी बेल्वासे | २ | (११) | | | थप्न प्रस्तावित दफा १०३ङ. को उपदफा (७) मा रहेको "निजको" भन्ने शब्दपछि "औचित्यतताको आधारमा सिफारिस गरिएमा" भन्ने शब्दहरू थप्नु पर्ने। |
| १२. | मा. तुल प्रसाद विश्वकर्मा | २ | (११) | | | थप्न प्रस्तावित दफा १०३ङ. को उपदफा (८) मा रहेको "नगरेमा" भन्ने शब्दपछि "वा कानूनको उल्लङ्घन गरेमा" भन्ने शब्दहरू थप्नु पर्ने। |
| १३. | मा. बेदुराम भुसाल सहितका माननीय सदस्यहरू | २ | (११) | | | थप्न प्रस्तावित दफा १०३छ. को उपदफा (२) मा रहेका "वरिष्ठ सदस्यले" भन्ने शब्दहरूको सट्टा "अध्यक्षता गर्न नेपाल सरकारबाट तोकिएको व्यक्तिले" भन्ने शब्दहरू राखी स्पष्टीकरण झिक्नु पर्ने। |
| १४. | मा. बेदुराम भुसाल सहितका माननीय सदस्यहरू | २ | (११) | | | थप्न प्रस्तावित दफा १०३ज. को उपदफा (३) र (४) झिकी त्यसपछिका उपदफाक्रम मिलाउनु पर्ने। |

नापलाही

| क.सं. | संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू | विधेयकको | | | | प्रस्तावित संशोधनको व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | प्रस्तावना/ दफा | उपदफा | खण्ड | उपखण्ड | |
| १५. | मा. बेदुराम भुसाल सहितका माननीय सदस्यहरू | २ | (११) | | | थप्न प्रस्तावित दफा १०३ड. को उपदफा (५) झिक्नु पर्ने। |
| १६. | मा. बेदुराम भुसाल सहितका माननीय सदस्यहरू | २ | (११) | | | थप्न प्रस्तावित दफा १०३थ. को उपदफा (२) झिकी त्यसपछिका उपदफाक्रम मिलाउनु पर्ने। |
| १७. | मा. विष्णु बहादुर विश्वकर्मा र मा. गंगा कुमारी बेल्वासे | २ | (११) | | | थप्न प्रस्तावित दफा १०३थ. को उपदफा (४) मा रहेको "कर्मचारी" भन्ने शब्दपछि "समावेशी सिद्धान्तको आधारमा" भन्ने शब्दहरू थप्नु पर्ने। |
| १८. | मा. तुल प्रसाद विश्वकर्मा | २ | (१२) | (१) | | खण्ड (१) झिकी त्यसपछिका खण्डक्रम मिलाउनु पर्ने। |
| १९. | मा. तुल प्रसाद विश्वकर्मा | २ | (१९) | | | उपदफा झिकी त्यसपछिका उपदफाक्रम मिलाउनु पर्ने। |

राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १०७ को उपनियम (२) बमोजिम क.सं. १ देखि १९ सम्मका संशोधन प्रस्तावहरू छलफलका लागि स्वीकृत।

(नारायण प्रसाद दाहाल)
अध्यक्ष, राष्ट्रिय सभा

मितिः २०८१।१२।१३